# निसीखोला गाउँपालिका

# स्थानीय राजपत्र

भाग २) खण्ड १, संख्या १, पुस २६ गते, २०८० साल

## "कृषि तथा पशुपन्छी बस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८०"

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०९/२५

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

# कृषि तथा पशपन्छीजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८०

निसीखोला गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८०।०९।२५

प्रस्तावना :

निसीखोला गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरु मुख्य पेशाको रुपमा कृषि तथा पशुपालनलाई अवलम्बन गरेका छन् । यसरी यस पालिकाका कृषकहरुलाई व्यवसायिक र प्रतिस्प्रर्धी बनाई उनीहरुको आयआर्जन वृद्धि गरी स्वाबलम्बी बनाउन बान्छनीय भएकोले यो कार्यविधी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी निसीखोला गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२.परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले निसीखोला गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ख) "कार्यपालिका" भन्नाले निसीखोला गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ग) "शाखा" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको पशु सेवा शाखा /कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

(घ) "अध्यक्ष" भन्नाले निसीखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले निसीखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निसीखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(छ) "आर्थिक विकास समिति" भन्नाले निसीखोला गाउँपालिकामा गठित आर्थिक विकास समितिलाई सम्झनु पर्नेछ ।

(ज) "वडा" भन्नाले निसीखोला गाउँपालिकाका सबै वडा सम्झनु पर्नेछ ।

(झ) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न निसीखोला गाउँपालिका भित्रका सहकारीलाई सम्झनु पर्नेछ । यस शब्दले निसीखोला गाउँपालिकाका कृषकहरुको कृषि तथा पशुजन्य वस्तुको खरिद गर्ने आसपासका सहकारीलाई समेत सम्झनु पर्नेछ ।

(ञ) "कृषक" भन्नाले कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि तथा पशुपन्छी फर्म, कृषि सहकारीलाई सम्झनु पर्नेछ ।

(ट) "संकलन केन्द्र" भन्नाले निसीखोला गाउँपालिका बासी कृषकले उत्पादन गरेको कृषि तथा पशुपन्छीजन्य उत्पादन खरिद गर्ने गाउँपालिकामा दर्ता भएका डेरी उद्योग, हाटबजार तथा संकलन केन्द्रलाई सम्झनु पर्नेछ ।

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

(ट) "तरकारी" भन्नाले फुलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिन्डा, घिरौला, भान्टा, फर्सी, काँक्रा, पिडालु, च्याउ, स्कुस लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई सम्झनु पर्नेछ ।

(ठ) "फलफूल" भन्नाले कागती, अनार, स्याउ, मौसम, केरा, सुन्तला, अम्वा, आँप, लिची, किवी, ड्रागन, ओखर लगायतका फलफूलको रुपमा प्रयोग हुने वस्तुलाई सम्झनु पर्नेछ ।

(ड) "मसलाजन्य वस्तु" भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, वेसार, टिमुर, अलैची लगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई सम्झनु पर्नेछ ।

(ढ) "पशुपन्छीजन्य बस्तु" भन्नाले दूध, मासु, अण्डा लगाउतका पशुपन्छीजन्य बस्तुको उत्पादन तथा उपउत्पादनहरु रुपमा प्रयोग हुने बस्तुलाई सम्झनु पर्नेछ ।

३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुपन्छीजन्य बस्तुहरु :

(क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दूध, मासुर अण्डा तथा कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल तथा मसलाजन्य बस्तुमा उपलब्ध गराउन सकिनेछ ।

४. अनुदान उपलब्ध गराउने विधि :

(क) कृषकहरुले अनुदान प्राप्त गर्नको लागि तोकिएको सहकारी वा समूह वा संकलन केन्द्र मार्फत बिक्री वितरण गरेको हुनु पर्नेछ ।

(ख) सहकारी/समूह/संकलन केन्द्रले कृषि तथा पशजन्य वस्तु खरिद गरेको र बिक्री गरेको अभिलेख स्पष्टसँग राखेको हुनु पर्नेछ ।

(ग) सहकारी/समूह/संकलन केन्द्रले राखेको अभिलेखको आधारमा बिक्री परिमाण र रकम भुक्तानीको लागि सहकारी/समूह/संकलन केन्द्रले वडा कार्यालयको सिफारिससहित गाउँपालिकाको पशु सेवा शाखा/कृषि विकास शाखामा पठाउनु पर्नेछ ।

(घ सहकारी/समूह/संकलन केन्द्र र वडा कार्यालयको सिफारिसको आधारमा पशु सेवा शाखा/कृषि विकास शाखाले आवश्यक अनुगमन गरी गाउँपालिकाबाट कृषि तथा पशपन्छीजन्य बस्तुको बिक्री तथा उत्पादनमा आधारित अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(ङ) गाउँपालिकाले समय समयमा सहकारी/समूह/संकलन केन्द्र तथा कृषकको अनुगमन र निरीक्षण गर्नेछ र झुठा विवरण राख्ने र पेश गर्ने सहकारी/समूह/संकलन केन्द्र दर्ता खारेजी गरी त्यस्ता सहकारी/समूह/संकलन केन्द्रको अभिलेखको आधारमा अनुदान वितरण गरिने छैन ।

(च) अनुदान उपलब्ध गराउँदा सहकारी/समूह/संकलन केन्द्र तथा कृषकले पेश गरेको अभलेखको आधारमा गाउँपालिकाले कृषकको खातामा अनुदान रकम भुक्तानी गर्नेछ ।

निसीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैंसिस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

(छ) यो कार्यविधि स्वीकृत भए पश्चात सहकारी/समूह/संकलन केन्द्रमार्फत बिक्री वितरण गरी अभिलेखिकरण गरिएका कृषकहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

(ज) कृषि तथा पशुपन्छीजन्य बस्तु बिक्री वितरणमा संलग्न हुन चाहने सहकारी/समूह/संकलन केन्द्रले आफ्नो प्रमाणपत्र र वडाको सिफारिससहित गाउँपालिकाको पशु सेवा शाखा/कृषि विकास शाखामा निवेदन पेश गरे पश्चात गाउँपालिकाबाट अनुमति दिनेछ । यसरी अनुमति प्राप्त गरी सके पश्चात सहकारी/समूह/संकलन केन्दले बिक्री वितरणको अभिलेख राख्न शुरु गर्नुपर्नेछ ।

(झ) यस कायक्रमको लागि आवेदन पेश गर्न इच्छुक कृषकहरुले अनुसूची ४ अनुसारको मापदण्ड पुरा गरेको हनु पर्नेछ ।

५. उपलब्ध गराउने अनुदान रकम :

५.१.कृषकहरुलाई बिक्रीको आधारमा सहकारी/समूह/संकलन केन्दको अभिलेख सहित सिफारिसको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(क) पशपन्छीजन्य बस्त : दूध प्रति लिटर रु.५.०।

(ख) पशुपन्छीजन्य उत्पादन : मासु प्रति केजी रु १०.०।

(ग) कृषिजन्य वस्तु : तरकारी प्रति केजी रु.५.०।

५.२.कृषकले उत्पादन गरेको आधारमा कृषकले पेश गरेको निवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा पशु सेवा शाखा/कृषि विकास शाखाबाट अनुगमन गरी देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(क) पशजन्य वस्तु : खसी/बोका/पाठापाठी/बंगुर/पाठापाठी प्रति गोटा रु १००.०।

(ख) कृषिजन्य बस्तु : फलफूलका विरुवा प्रतिबोट प्रति महिना रु ३.०।

६. कृषि तथा पशपन्छीजन्य बस्तुको खरिद तथा बिक्री मूल्य :

(क) सहकारी/समूह/संकलन केन्दले आफ्नो उत्पादक कृषक सदस्यहरु, वडा कार्यालयका जनप्रतिनिधी तथा सम्बन्धीत विषयका प्राविधिकको सहभागितामा कृषि तथा पशजन्य वस्तुको खरिद तथा बिक्री मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ख) कृषि तथा पशजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादत वस्तुको प्रकृति हेरी मासिक, चौमासिक तथा बार्षिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ग) उक्त निर्धारण गरेको मूल्य सूची सहकारी/समूह/संकलन केन्दले सबलै देख्ने गरी सूचना पाटिमा टाँस गर्नु पर्नेछ ।

(घ) खरिद तथा बिक्री मूल्य निर्धारण गर्दा यथासक्य खरिद र बिक्री मूल्य विचको अन्तर कम हनु पर्नेछ । तर मूल्य निर्धारण गर्दा भण्डार अवधीमा हुनु सक्ने नोक्सानीलाई समेत ध्यान दिनु पर्नेछ ।

(ङ) खरिद र बिक्री मूल्य विचको अन्तरबाट हुने आम्दानी सम्बन्धीत सहकारी/समूह/संकलन केन्दको हुनेछ ।

(च) गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयले कुनै कार्यक्रम गर्दा गाउँपालिका भित्रका सहकारी/समूह/संकलन केन्द मार्फत कृषि तथा पशजन्य बस्तु खरिद गर्न कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

७. अनुदान रकम निकासा : उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालकाबाट चौमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा उपलब्ध गराउन सक्नेछ ।

८. अन्य क्षेत्रमा अनुदान : उत्पादनमा आधारित अनुदान बाहेक गाउँसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

९. बजार मूल्यको कारण हुने क्षतिको परिपुर्ति : विश्वव्यापी बजारीकरणको कारण स्थानीय कृषकको उत्पादन मूल्य भन्दा अत्याधिक कम मूल्यमा कृषि तथा पशुजन्य वस्तु बजारमा आई कृषकलाई घाटा पुर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाइनेछ ।

१०. बाधा अड्काउ फुकाउने : यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालकाले निर्णय गरी फुकाउन सक्नेछ ।

११. परिमार्जन तथा संसोधन : कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ ।

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निसीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैविस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## अनुसूची - १

## सूचना प्रकाशनको ढाँचा

निसीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवीस्थान, बागलुङ

(प्रथम पटक प्रकाशन गरिएको मितिः ..................)

निसीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बागलुङको आर्थिक वर्ष ................को स्वीकृत उत्पादनमा आधारित कृषकलाई अनुदान सहयोग कार्यक्रम अनुसार ईच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र यस कार्यालयमा निम्नानुसारका कागजात विवरण सहित अनुदानका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसूचीहरु सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु :

१.अनूसूचि २ बमोजिमको आवेदन पत्र

२. सहकारी/समूह/संकलन केन्दको अभिलेखको प्रतिलिपी सहित सिफारिस पत्र

३.वडा कार्यालयको सिफारिस पत्र

४.नागरिकताको प्रतिलिपी

५.अनुसूची ५ बमोजिमको विवरण भरेको विवरण फारम

.......................................

प्रमुख प्रशासकीय अधिकृत

दिलिप कुमार चन्द

निमित्त प्रमुख प्रशासकीय अधिकृत

अनुसूची - २

## कृषि तथा पशुपन्छीजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा उत्पादक कृषकले कार्यालयमा पेश गर्ने आवेदन पत्रको ढाँचा

मितिः २०.../...../....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
निसीखोला गाउँपालिका, वागलुङ ।

विषय : उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति......................गते प्रकाशन गरिएको सूचना अनुसार म .................... पेशामा आवद्ध भई .....................मार्फत खरिद तथा बिक्री कार्यमा संलग्न भएकोले मलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रमको लागि समावेश हुन इच्छुक रहेकोले तपशिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

तपशिल :

१.अनूसूचि २ बमोजिमको आवेदन पत्र

२. सहकारी/समूह/संकलन केन्दको अभिलेखको प्रतिलिपी सहित सिफारिस पत्र

३.वडा कार्यालयको सिफारिस पत्र

४.नागरिकताको प्रतिलिपी

५.अनुसूची ५ बमोजिमको विवरण भरेको विवरण फारम

निवेदकः
नामथरः
ठेगाना :
मोवाइल नं. :

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निसीखोला गाउँपालिका
गाउँपालिकाको कार्यालय
दोविलाल, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## अनुसूची - ३

### कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्याँकनका आधारहरु :

(क) दूध उत्पादनको आधारमा प्रदान गरिने अनुदान :

| आवेदक कृषकको नाम | घरमा पालेको दुहुना भैसी/उन्नत गाई संख्या (२५) | दैनिक दूध उत्पादन परिमाण (लि) (२५) | दैनिक दूध बिक्री परिमाण (लि) (२५) | दूध बाहेक अन्य दुग्धजन्य पदार्थ बिक्री परिमाण (लि/केजी) (२५) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) खसी/बोका/पाठापाठी/बंगुर उत्पादनको आधारमा प्रदान गरिने अनुदान :

| आवेदक कृषकको नाम | माउ बाख्राको संख्या (२५) | प्रजनन बोकाको संख्या (२५) | जम्मा खसी संख्या (२५) | जम्मा पाठापाठी संख्या (२५) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ग) फलफूलको विरुवा हुर्काएको आधारमा प्रदान गरिने अनुदान :

| आवेदक कृषकको नाम | लगाएका विरुवा संख्या (२५) | लगाएको क्षेत्रफल (२५) | अन्य पूर्वाधार (२५) | हुर्काएका विरुवा संख्या (२५) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(घ) तरकारी उत्पादनको आधारमा प्रदान गरिने अनुदान :

| आवेदक कृषकको नाम | तरकारी लगाएको क्षेत्रफल (२५) | तरकारीमा विषादीरहितको अवस्था (२५) | अन्य पूर्वाधार (२५) | उत्पादन तथा बिक्री गरिएको तरकारी (केजी) (२५) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - ४

**उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागिताको लागि देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।**

१.ताजा तरकारी उत्पादन चौमासिक १०० केजी

२.दूध उत्पादन चौमासिक २५० लिटर

३.खसी/बोका/पाठा/पाठी/बंगुर उत्पादन चौमासिक ५ गोटा

४.एकै जातिका फलफूलका विरुवा संख्या ३० वटा

५.तरकारीको बीउ उत्पादन चौमासिक ५० केजी

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

निसीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैविस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

निसीखोला गाउँपालिका

निस्दीयांदा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

## अनुसूची - ५

# उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण

१.कृषकको नाम :

२.ठेगाना :

३.दुहुना गाई/दुहुना भैंसी/माउ बाखा/लगाएका फलफूलका संख्या/लगाएको तरकारीको क्षेत्रफल :

४.लगाएका फलफूलका किसिम/तरकारीका किसिम :

५.गत वर्षको उत्पादन परिमाण :

| दूध उत्पादन लि | बिक्री परिमाण लि. | खसी/बोका/पा ठापाठी उत्पादन संख्या | हुर्काएका फलफूलका संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण केजी | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण केजी | तरकारीको बीउ उत्पादन परिमाण केजी | तरकारीको बीउ परीक्षण गराएको पटक |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

६. यस वर्षको हालसम्मको उत्पादन परिमाण :

| दूध उत्पादन लि. | बिक्री परिमाण लि. | खसी/बोका/पा ठापाठी उत्पादन संख्या | हुर्काएका फलफूलका संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण केजी | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण केजी | तरकारीको बीउ उत्पादन परिमाण केजी | तरकारीको बीउ परीक्षण गराएको पटक |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

७.गत वर्षको अधिकतम उत्पादन महिना र परिमाण :

८.गत वर्षको न्यूनतम उत्पादन महिना र परिमाण :

९.बिक्री/उत्पादन अभिलेखको अवस्था : भएको/नभएको

१०.बजारसँग खरिद बिक्री सम्झौताको अवस्था : भएको/नभएको

दिलिप कुमार चन्द
निमित्त प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
नाम : दिलिप कुमार चन्द
नि.प्रमुख प्रशासकीय अधिकृत